

# बजार अवलोकन ६५

बैशाख, २०७१†

**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**

विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली

कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय

नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र

उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०७१ बैशाख महिनामा प्राय बालीहरुको उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले नेपालभर १२ बजारहरुमा अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको खुद्रा मूल्यहरुले न्यून बृद्धि देखाए।***
- ***२०७१ बैशाख महिनामा समग्र स्फीतिदर ९.७ प्रतिशत भयो। खाद्य तथा पेय पदार्थको स्फीतिदर १२.९ प्रतिशतमा उच्च रहनुका साथै निम्न खाद्य वस्तुहरुको उच्च स्फीतिदर कायमै रह्यो: तरकारी (३१.६), फलफुल (१५.८), मासु र माछा (१३.७ प्रतिशत), र अन्नहरु (१०.३)।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७१ बैशाख महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य वस्तुहरुको खुद्रा मूल्यहरुले न्यून बृद्धि देखाए। मासिक रुपमा मोटा चामलको खुद्रा मूल्य ०.२ प्रतिशतले न्यून बृद्धि भयो भने हालै भित्र्याइएको गहुँ बालीको आपूर्तिमा बृद्धि आउनाले गहुँको पिठोको मूल्यमा १.३ प्रतिशतले कमी आयो। मास, मुसुरो, र भटमासको तेलको मूल्य क्रमश: ०.२, ०.४, र ०.२ प्रतिशतका दरले न्यून रुपमा बृद्धि भयो। यसैगरी, रातो आलु र कुखुराको मासुको मूल्य क्रमश: ४.९ र १.३ प्रतिशतका दरले बृद्धि भयो। तीन महिना अगाडीको तुलनामा अपवादस्वरुप गहुँको पिठो र भटमासको तेल बाहेक प्राय मूल्यहरुले बढ्दो प्रवृति (trend) देखाए। गत वर्ष सोही समयको तुलनामा प्राय मूल्यहरुले बढ्दो प्रवृति देखाए (अपवादस्वरुप मास र तोरीको तेल बाहेक)।

पहाडी र हिमाली बजारहरुमा मोटा चामलको मूल्यको बढ्दो प्रवृति र तराई तथा मुख्य उपभोक्ता बजारहरुमा (काठमाडौं र पोखरा) यसको घट्दो प्रवृतिका साथमा क्षेत्रीय बजारहरुमा मूल्यहरुले राष्ट्रिय औसत भन्दा केही भिन्न प्रवृति देखाए। यसै गरी, पहाडी र हिमाली बजारहरु तथा मुख्य उपभोक्ता बजारहरुमा गहुँको पिठोको मूल्यले घट्दो प्रवृति देखायो भने तराईका बजारहरुमा यसले बढ्दो प्रवृति देखायो।

गत एक महिनामा उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा नियमित रुपमा अनुगमन गरिएका बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा थोक मूल्यहरुले खुद्रा मूल्य संग मिल्दोजुल्दो प्रवृति देखाए। कालीमाटी फलफुल तथा तरकारी बजारमा गत एक महिनामा अनुगमन गरिएका प्राय तरकारीको मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए: काउली, पिडालु, बन्दा, पालुङ्गो, हरियो केराउ, र मूलाको उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि आई मूल्यमा १५ प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो भने तीते करेला, परवल, बोडी, रामतोरीया, र घिरौलाको मूल्य २५ प्रतिशत भन्दा बढीका दरले घट्यो।

नेपाल राष्ट्र बैंकका अनुसार समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) २०७१ बैशाख महिनामा २००.४ कायम रह्यो, जुन मासिक रुपमा ०.८ प्रतिशतले बृद्धि हो। CPI मा वार्षिक स्फीतिदर ९.७ प्रतिशतले बृद्धि भयो। खाद्य तथा पेय पदाथको CPI २४१.९ मा कायम रह्यो, जुन मासिक रुपमा १.६ प्रतिशतले बृद्धि हो तर वार्षिक रुपमा भने १२.९ प्रतिशतले बृद्धि हो; अन्य विभिन्न खाद्य वस्तुहरुको CPI ले वार्षिक रुपमा उच्च बृद्धि देखाए; तरकारी (३१.६), फलफुल (१५.८), मासु र माछा (१३.७ प्रतिशत), र अन्नहरु (१०.६ प्रतिशत)। गैह्र खाद्य वस्तुहरु र सेवा सम्बन्धि CPI १७०.१ भयो, जुन मासिक रुपमा ०.१ प्रतिशतले र वार्षिक रुपमा ७.० प्रतिशतले बृद्धि हो।

### आपूर्ति

देशभर आपूर्ति अवस्था हाल सम्म सामान्य रहेको रिपोर्ट भएतापनि NeKSAP जिल्ला र क्लस्टर संयोजकहरुले यातायातमा कठीनाई (मनसुनी वर्षायामका कारण नदीको सतह बढेको र पहिरो गएको) भएको हुनाले केही पहाडी तथा हिमाली बजारहरुमा खाद्य तथा गैह्र खाद्य वस्तुहरुको आपूर्तिमा बाधा आउन सुरु भएको रिपोर्ट छ।

### पूर्वानुमान

उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले आउँदो महिनामा प्राय खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने अनुमान छ। यसका साथै, मनसुनी वर्षा ढिलो सुरु भएको र यसले वर्षे बाली उत्पादनमा पार्ने सम्भाव्य प्रभावको कारणले पनि खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने सम्भावना छ।

मनसुनी वर्षा ढिलो सुरु भएको र कमजोर वर्षा हुने सम्भावना भएको हुनाले यस वर्ष वर्षे बालीको उत्पादन मध्यमस्तरीय हुने अनुमान छ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्याधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| काउली, मूला, बन्दा, हरियो केराउ, र पिडालु | विभिन्न | > १५ | मौसमी रुपमा उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि। |
| तीते करेला, रामतोरीया, परवल, घिरौला, र बोडी | विभिन्न | >-२५ | तीव्र मूल्य बृद्धि पश्चात मूल्यमा कमि। |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ।

† मूल्यहरु २०७१ बैशाख महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-६५

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- बैशाख, २०७१

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४२.० | २.४ | ०.० | १०.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४३.० | ०.० | -४.४ | १६.२ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४७.० | १.४ | १.४ | ५.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३५०.० | ४.५ | २०.७ | ३४.६ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १६७.० | ०.० | -७.२ | १.२ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | २.६ | ९.१ | ६.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | २.८ | ०.० | ६.८ | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ९.४ | १६.७ | ६६.७ | ▲ | ▲ | ▲ |
| पोखरा | मोटा चामल | ४५.० | -६.३ | २.९ | ७.१ | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ४५.० | ०.० | ५.९ | ७.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ७.७ | ०.० | -६.७ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | ५.३ | २९.० | ३३.३ | ▲ | ▲ | ▲ |
| | तोरीको तेल | १८०.० | ०.० | -०.७ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ०.० | ४.० | १.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२५.० | २.५ | १३.६ | १९.० | ▶ | ▲ | ▲ |
| | आलु | ३५.० | ०.० | २१.७ | ४०.० | ▶ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटा चामल | ४०.० | ०.० | ५.३ | २५.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १३.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १३५.० | -३.६ | ३.८ | -६.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३०६.० | २.० | १७.७ | ५.५ | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १६५.० | ०.० | ०.० | -५.७ | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११५.० | ४.५ | ४.५ | ९.५ | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ०.० | ४५.८ | १३३.३ | ▶ | ▲ | ▲ |
| बिरगंज | मोटा चामल | ३८.० | ०.० | ५.६ | ८.६ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ५.३ | ५.३ | ३३.३ | ▲ | ▶ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ७.१ | -६.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ६.७ | १४.३ | ६.७ | ▲ | ▲ | ▶ |
| | तोरीको तेल | १७५.० | -१२.५ | २.९ | -२.८ | ▼ | ▶ | ▶ |
| | मास | १००.० | ५.३ | ५.३ | ०.० | ▲ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ५.८ | १.९ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | २०.० | ६६.७ | ६६.७ | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | ३६.० | ०.० | ०.० | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३८.० | ०.० | ५.६ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | २००.० | ०.० | १७.६ | ११.१ | ▶ | ▲ | ▶ |
| | मास | ११०.० | ०.० | -८.३ | -८.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९५.० | ०.० | -५.० | -७.८ | ▶ | ▶ | ▶ |
| | आलु | २२.० | -१२.० | -२६.७ | ४.८ | ▼ | ▼ | ▶ |
| धनगढी | मोटा चामल | ३७.० | ५.७ | ०.० | -७.५ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | ०.० | ६.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ७.७ | ०.० | ५.३ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | -६.७ | -६.७ | -६.७ | ▼ | ▶ | ▶ |
| | तोरीको तेल | १६०.० | ०.० | -१.२ | -४.२ | ▶ | ▶ | ▶ |
| | मास | १२४.० | ३.३ | -०.८ | -७.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२२.० | १.७ | १.७ | १०.९ | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ३३.३ | ३३.३ | १००.० | ▲ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३०.० | -११.८ | -६.३ | ०.० | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | -११.१ | १४.३ | ▶ | ▼ | ▶ |
| | भटमासको तेल | १४०.० | ७.७ | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ३.२ | १४.३ | १४.३ | ▶ | ▲ | ▶ |
| | तोरीको तेल | १७०.० | ६.३ | ६.३ | ०.० | ▲ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | -१२.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | -९.१ | -९.१ | ▶ | ▶ | ▶ |
| | आ | ३५.० | ४०.० | ४०.० | ७५.० | ▲ | ▲ | ▲ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४२.० | ५.० | ५.० | २७.३ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ४७.० | २.२ | २.२ | ११.९ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६५.० | -५.७ | -५.७ | १०.० | ▼ | ▶ | ▶ |
| | कुखुराको मासु | ३२०.० | ६.७ | ६.७ | १०.३ | ▲ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -४.३ | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | १२.५ | -१०.० | ५०.० | ▲ | ▶ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | ०.० | -३२.० | ▶ | ▶ | ▼ |
| | गहुँको पिठो | ४०.० | -११.१ | -११.१ | ०.० | ▼ | ▼ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ०.० | ०.० | १०.० | ▶ | ▶ | ▶ |
| | मास | ११०.० | ०.० | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ११.१ | ११.१ | ▶ | ▲ | ▶ |
| साँफेबगर | मोटा चामल | ४०.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | ०.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | कुखुराको मासु | ३८०.० | ८.६ | ०.० | ८.६ | ▲ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ७०.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | -९.१ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मास | १४०.० | -३.४ | ०.० | ७.७ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १५०.० | ०.० | ७.१ | ७.१ | ▶ | ▶ | ▶ |
| | आलु | ३०.० | -१४.३ | ०.० | -२५.० | ▼ | ▶ | ▼ |
| बाजुरा | मोटा चामल | ४०.० | ८.१ | ८.१ | ११.१ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४२.० | -४.५ | -४.५ | ५.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | -१२.५ | -१२.५ | ०.० | ▼ | ▼ | ▶ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | -१०.६ | -२.३ | ०.० | ▼ | ▶ | ▶ |
| | गहुँको पिठो | २४०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | ३००.० | - | ०.० | ०.० | - | ▶ | ▶ |
| | सीमी | १२०.० | - | ०.० | ०.० | - | ▶ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | १५०.० | १५.४ | २५.० | २००.० | ▲ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १४०.० | - | - | १६.७ | - | - | ▲ |
| | गहुँको पिठो | १२०.० | - | - | ०.० | - | - | ▶ |
| | भटमासको तेल | ११०.० | - | - | -५५.२ | - | - | ▼ |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | २५०.० | - | - | ८.७ | - | - | ▶ |
| | मुसुरो | २५०.० | - | - | ०.० | - | - | ▶ |
| | आलु | - | - | - | - | - | - | - |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना
http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन ।